नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई

चौतारा, सिन्धुपाल्चोक

## कृषि औजार उपकरण आपूर्तिका लागि शिलबन्दी दरभाउ प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/०६)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, चौतारा, सिन्धुपाल्चोकको आ.ब. २०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम अन्तरगत कृषकहरुलाई कृषि औजार उपकरण खरिदमा अनुदान सहयोग कार्यक्रम कार्यान्वयन गर्नकोलागि यस आयोजनाको कार्यक्षेत्र भित्रका कृषकहरुको माग अनुसार कृषि औजार उपकरणमा बढीमा ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने प्रावधान वमोजिम तपसिल अनुसारका कृषियन्त्र औजार उपकरणहरु कृषकहरुलाई न्यूनतम के कति दरभाउमा आपूर्ति गराउन सक्ने हो ? सो सम्बन्धी दरभाउ प्रस्ताव पेशगर्न इजाजत प्राप्त कृषि औजार उपकरण उत्पादक/आपुर्तिकर्ता/फर्महरुका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य सम्बन्धित कार्यविधि तथा कानूनको परिधिभित्र रही कृषि यन्त्रहरुको न्यूनतम इकाई दररेट निर्धारण प्रायोजनार्थ तपसिल अनुसारका कृषियन्त्र उपकरणहरु सम्बन्धित कृषकहरुलाई आपूर्ति गर्न इच्छुक आपुर्तिकर्ताहरुले यो सूचना तथा दरभाउ प्रस्ताव फारममा उल्लेखित शर्तका अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०८० पौष ५ गते विहिबार) कार्यालय समयभित्र कार्यालयबाट दरभाउ प्रस्ताव खरिद गरी ३१ औं दिन (मिति २०८० पौष ६ गते शुक्रबार अपरान्ह १२.०० बजेभित्र) र उक्त दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन यस परियोजनाको कार्यालयमा हुलाक वा कुरियरबाट वा स्वयं आफै उपस्थित भै शिलवन्दी दरभाउ प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । समयसिमाभित्र रितपूर्वक पेश नभएका दरभाउ प्रस्ताव उपर कार्यवाही हुनेछैन ।

**<u>उपलब्ध गराउनुपर्ने कृषि यन्त्र उपकरणहरूको विवरण</u>**

| S.N. | Particulars | S.N. | Particulars | S.N. | Particulars |
|---|---|---|---|---|---|
| 1. | Mini Tillers | 2. | Power Tiller | 3. | Flour Mill/Disc Mill |
| 4. | Chaff Cutter (Electric) | 5. | Mini Corn Sheller | 6. | Multifunctional Tiller |

**<u>आवश्यक शर्त तथा पेशगर्नुपर्ने कागजातहरु</u>**

१ दरभाउ प्रस्ताव पेशगर्दा रु.१० को टिकट टाँसगरी निवेदन साथ आ.व. २०७९/८० को करचुक्ता प्रमाण-पत्र वा म्याद थप पत्रको साथमा आ.ब.२०७८/७९ कर चुक्ता प्रमाणपत्र, फर्मदर्ता प्रमाण-पत्र, फर्मको ब्यवसाय इजाजत पत्र, मू.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी पेश गर्नुपर्नेछ।

२. प्रस्तावमा तोकिएको फारमसा यन्त्र उपकरणको स्पेशिफिकेसन समेत खुलाई नेपाली रुपैयामा प्रति इकाई मूल्य दर अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। प्रस्ताव नेपाली वा अंग्रेजी वा दुवै भाषामा हुनसक्नेछ। दरभाउ प्रस्ताव फाराम यस आयोजनामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

३. दरभाउ प्रस्ताव फाराम खरिदकालागि रु. १०००।- नेपाल बैंक लि. स्थित नेपाल सरकारको राजस्व खाता नम्बर ००१०१००००००००१००१००१ मा कार्यालय कोड नम्बर ३१२००२७०२ मा राजस्व शिर्षक नं. १४२२९ मा जम्मागरी सक्कल बैंक भौचर पेशगरी यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

४. प्रस्तावसाथ कृषियन्त्रको उत्पादन अनुमति वा आयात ईजाजतपत्र वा आधिकारिक बिक्रेता तथा एजेन्ट (Authorized Agent)/डिलरसिप रहेको प्रमाणपत्र पेशगर्नु पर्नेछ।

५. आपूर्ति गरिने प्रस्तावित कृषि औजार उपकरणहरुको Specification, ब्राण्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने Catalogue वा Leaflet वा Brochure अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६. प्रस्तावदाताले यस आयोजनाको कार्यक्षेत्रमा औजार उपकरण उपलब्ध गराउने डिलर/विक्रेता र मर्मत केन्द्रको नाम, ठेगाना तथा यस आ.ब. भित्र उपलब्ध गराउन सक्ने औजार उपकरणको परिमाण/स्टक संख्या खुलाउनु पर्नेछ ।

७. पेश भएका प्रस्तावहरु यो सूचना प्रकाशित भएका मितिले ३१ औ दिनको दिउसो २:०० बजे यस कार्यालयमा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर प्रस्तावदाता प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन ।

८. यो सूचना वमोजिम उपलब्ध गराउन सक्ने उपकरणहरुको इकाई मूल्य अनुसार हुन आउने जम्मा परिमाणको कूल मूल्य रकमको ३% रकम यस कार्यालयको नाममा क बर्गको बैङ्कबाट जारी बैंङ्क ग्यारेन्टी वा सो वरावरको नगद रकम 'क' २.३ को.ले.नि.का. सिन्धुपाल्चोकको नाममा खाता नं ०५७०१००००२००३००००१ जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ । बैंक ग्यारेटी पत्रको म्याद कम्तिमा २०८० माघ २२ गतेसम्म कायम रहेको हुनुपर्नेछ ।

९. प्रस्तावदाताले प्रस्तावगरी स्वीकृत समेत भएका यन्त्र उपकरणहरु समेत कृषकहरुको माग बमोजिम खरिद हुन वा नहुन पनि सक्नेछ सो वापत कार्यालय जिम्मेवार हुनेछैन र कृषकले ब्यहोर्ने रकम प्रस्तावदाता स्वयंको जिम्मेवारी हुनेछ ।

१०. पेश भएको प्रस्ताव आशिंक वा पूर्णरुपमा स्वीकृत वा कुनै जानकारी बिना अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

११. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

थप जानकारी चाहिएमा आयोजनाको वेवसाइट https://piusindhupalchowk.pmamp.gov.np वा email: pmamp.piu.sindhupalchok@gmail.com वा यस परियोजना कार्यालयको सम्पर्क नं ०११-६२०३७० मा वा सोझै कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।